# विनयी त्रिवेणी गाउँपालिकाको उद्यमशीलता तथा नव प्रवर्तन कोष (संचालन) कार्यविधि, २०८२

घनश्याम गिरी
अध्यक्ष

विनयी त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नवलपरासी (व.सु.पू.)
गण्डकी प्रदेश, नेपाल

## विनयी त्रिवेणी गाउँपालिकाको उद्यमशीलता तथा नव प्रवर्तन कोष (संचालन) कार्यविधि, २०८२

कार्यपालिकावाट स्वीकृत मितिः २०८२/०६/२४

प्रस्तावनाः युवा उद्यमशीलता तथा सामाजिक उद्यमशीलता विकास मार्फत युवाहरुलाई उद्यमशील तथा प्रतिष्पर्धी बनाई उद्यमशील संस्कारको उजागार गर्न, व्यवसाय/उद्यम संचालन सम्बन्धमा तथा विविध विषयमा नयाँ आविष्कार गर्न मद्दत गर्न, प्रतियोगिता तथा पुरस्कारको माध्यमवाट युवाहरुमा भएको रचनात्मकतालाई उजागर तथा प्रोत्साहित गर्दै नविनतम सोचका उद्यमी सृजना गर्ने र नविनतम उद्योग व्यवसायको प्रर्वद्धनमा टेवा पुर्याउने उद्देश्यले गाउँपालिकामा स्थापना भएको उद्यमशीलता तथा नवप्रवर्तन कोषको संचालन सम्बन्धी कार्यविधि बनाउन वाञ्छनीय भएकोले,

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ उपदफा २ र विनयी त्रिवेणी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी विनयी त्रिवेणी गाउँ कार्यपालिकाले यो कार्यविधि वनाएको छ ।

### परिच्छेद — १
### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यस कार्यविधिको नाम “विनयी त्रिवेणी गाउँपालिकाको उद्यमशीलता तथा नवप्रवर्तन कोष (संचालन) कार्यविधि, २०८२” रहेको छ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाको वैठकवाट स्वीकृत भए पश्चात लागू हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) “गाउँपालिका” भन्नाले विनयी त्रिवेणी गाउँपालिका सम्झनु पर्दछ।

ख) "उद्यमशीलता तथा नव प्रवर्तन कोष" भन्नाले "विनयी त्रिवेणी गाउँपालिकाको उद्यमशीलता व्यवसाय प्रवर्द्धन तथा नवप्रवर्तन कोष (संचालन) कार्यविधि, २०८२ को दफा ३ वमोजिम स्थापना भएको कोष सम्झनु पर्दछ ।

ग) "कार्यपालिका" भन्नाले विनयी त्रिवेणी गाँउकार्यपालिका सम्झनु पर्दछ ।

घ) "अध्यक्ष" भन्नाले विनयी त्रिवेणी गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

ङ) "उपाध्यक्ष" भन्नाले विनयी त्रिवेणी गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ ।

च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले विनयी त्रिवेणी गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

छ) "मूल्याङ्कन समिति" भन्नाले यस कार्यविधिको दफा ६ वमोजिम गठित समितिलाई सम्झनुपर्दछ ।



गिरी
अध्यक्ष

## परिच्छेद: २

## कोषको स्थापना, उद्देश्य तथा कार्यान्वयन रणनीति

३. कोषको स्थापना: (१) गाउँपालिकामा उद्यमशीलता प्रवर्द्धन गर्ने तथा नवप्रवर्तनशील सोचलाई व्यवसायीक रुपान्तरणमा सहयोग पुर्याउन एक उद्यमशीलता तथा नवप्रवर्तन कोष रहनेछ । कोषमा गाउँपालिकाले प्रत्येक वर्ष वार्षिक वजेट मार्फत रकम विनियोजन गरी जम्मा गर्नुपर्नेछ ।

४. कोषको उद्देश्य: उद्यमशील सक्षमता र व्यवसायीक सम्भाव्यताको गहन अध्ययन विश्लेषण गरी प्रतिष्पर्धात्मक तथा तुलनात्मक लाभ दिने नविनतम प्रविधि तथा सृजनशिलताको उच्चतम प्रयोग गरी उद्योग व्यवसाय सृजना र विस्तारमा सहयोग पुर्याउने, नयाँ उद्यम व्यवसायको खोज गर्न खुला आव्हान गरी व्यवसायीक सोच पत्ता लगाउनु र त्यस्ता प्रतिभाहरुलाइ अझ उत्प्रेरित गर्न हौसला प्रदान गरी त्यो सोचलाई उद्यम व्यवसायमा परिवर्तन गर्नु यस कोषको प्रमुख उद्देश्य रहको छ । यसका साथै यस कोषका देहाय बमोजिमका उद्देश्यहरु रहेका छन् ।

क) नवीन सोचका साथ व्यवसाय शुरु गरेका तथा गर्न खोजेका नवप्रवर्तकहरुलाई वीउ पूँजीको रुपमा रकम उपलब्ध गराई उनीहरुको व्यवसायलाई प्रभावकारी रुपमा संचालन गर्न सघाउ पुऱ्याउने ।

ख) नयाँ सोच प्रस्फुटन गर्न विभिन्न प्रतियोगिताहरु संचालन गर्ने ।

ग) उत्कृष्ट सोचलाई व्यवसायीकरण गर्न आवश्यक सहयोग गर्ने ।

घ) यस कार्यविधि अनुरुप छनौटमा परेका उद्यमीहरुलाई व्यवसाय प्रवर्द्धनमा सघाउ पुऱ्याउने, जस अन्तर्गत

- कोचिङ्ग, मेन्टरीङ्ग जस्ता क्रियाकलापको माध्यमवाट उद्यमीको विचार तथा सोचलाई व्यवसायीक योजनामा रुपान्तरण गरी व्यवसायिक योजनालाई व्यवसायमा परिणत गर्ने,
- संचालनमा रहेको व्यवसाय/उद्यमलाई थप व्यवसायिक वनाइ उत्पादनलाई वजारसँग जोडिदिने, उत्पादनलाई व्रान्डीङ्ग गर्न सघाउ पुर्‍याउने ।
- नविन सोच तथा प्रविधिलाई मुर्तरुप दिन विभिन्न उद्योगी व्यवसायी तथा लगानीकर्ताहरुलाई आव्हान गर्ने, निरन्तर छलफल तथा भेटघाटको वातावरण सिर्जना गर्ने।

५. कार्यान्वयन रणनीति: यस कार्यक्रम कार्यान्वयन गर्दा देहायका रणनीति अवलम्वन गरिनेछ ।

१. नयाँ सोच प्रतियोगिता: स्थानीय काम काजलाई छिटो छरितो र प्रभावकारी तरिकाले सम्पन्न गराउने एंव स्थानीय समस्याहरुलाई श्रोत साधनहरुको उपभोग एंव प्रयोग गरी प्रभावकारी र प्रविधियुक्त तरिकाले समाधान गर्ने नयाँ तरिकालाई मुख्य रुपमा नविनतम सोच भनेर जनाइनेछ । गाउँपालिकाका युवाहरु लगायत अन्य समुदायमा रहेका नयाँ सोचहरुलाई उजागर गर्नका लागि विभिन्न विधामा प्रतियोगिताहरु संचालन गरिनेछ ।

क) प्रस्ताव आव्हान तथा छनौट चरण (Call for Proposal and Selection Stage)

यस चरण अन्तरगत देहाय वमोजिम क्रियाकलापहरु संचालन गरिनेछ ।

घनश्याम गिरी
अध्यक्ष

- यस कार्यक्रमका लक्षित वर्गहरुवाट नविनतम व्यवसायीक परियोजना प्रस्तावनाको आव्हान गर्ने र मूल्याङ्कन समितिले मापदण्डको आधारमा निश्चित संख्यालाई छनौट गर्ने,
- छनौट भएका परियोजनाहरुको विस्तृत व्यवसायीक योजना (Detail Business Plan) र दिगोपनाको योजना सहित प्रस्तुतीकरण गर्न लगाउने,
- निश्चित समय सम्म विषयगत विज्ञ तथा मन्टरहरु मार्फत मेन्टरसिप तथा परामर्श सेवा प्रदान गर्ने।

ख) नवप्रवर्तनको कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन चरण (Innovation Implementation Observations & Evaluation Stage)

- प्रस्तुतीकरण गरेको परियोजनाको व्यवसायिक योजना अनुरुप व्यवसायमा प्रयोग भएको नविनतम सोच र सृजतात्मक प्रतिभाको अवलोकन तथा मूल्याङ्कन गर्ने। यसरी मूल्याङ्कन गर्दा प्रयोग भएको प्रविधि त्यसमा भएको लगानी र त्यसको उत्पादकत्वमा पारेको प्रभावलाई समेत अध्ययन विश्लेषण गर्ने।

ग) नव प्रवर्तनकोषको वितरणको चरण (Innovation Fund Distributions Stage)

- मूल्याङ्कन समितिको मूल्याङ्कनलाइ आधार मानेर विभिन्न विधाहरुमा सहभागीहरुलाइ पुरस्कृत गर्ने,
- नियमित अनुभव आदान प्रदान तथा सफलताको कथाहरु साटासाटा गर्ने,
- लगानीकर्ता तथा प्रतिष्ठित उद्योगी व्यवसायीहरुसँग निरन्तर भेटघाट तथा छलफल गर्ने ।

## परिच्छेदः ३

## मूल्याङ्कन समितिको गठन, काम कर्तव्य र अधिकार

६. मूल्याङ्कन समितिको गठनः यस कार्यक्रम संचालन गर्नको लागिदेहाय वमोजिमको एक मूल्याङ्कन समिति गठन गर्नेछ ।

क) प्रमुख प्रशासकीय अधिकृत — संयोजक
ख) योजना तथा पूर्वाधार शाखा प्रमुख संयोजक — सदस्य
ग) आर्थिक प्रशासन शाखा प्रमुख — सदस्य
घ) सम्वन्धित विषयको शाखा प्रमुख — सदस्य
ङ) प्रशासन शाखा प्रमुख - सदस्य सचिव

आवश्यकता अनुसार अन्य विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

७. समितिको काम, कर्तव्य र अधिकारः समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ ।

क) दफा ८ को उपदफा १ वमोजिम प्रकाशित सूचना वमोजिम पेश हुन आएका आवेदनहरुको प्रारम्भिक छनौट गर्ने ।

ख) प्रारम्भिक छनौटमा परेका आवेदकहरुलाई विस्तृत व्यवसायीक परियोजना प्रस्तावना तयार पार्ने सम्वन्धमा सचेतनामूलक अभिमूखिकरण कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाउने।

ग) मापदण्डको निर्धारण गरिसोही मापदण्डको आधारमा प्रस्ताव पेश गरेका निश्चित सँख्यालाई दोश्रो चरणको लागि छनौट गरी छनौट भएका परियोजनाहरुको विस्तृत व्यवसायीक योजना (Detail Business Plan) र दिगोपनाको योजना सहित प्रस्तुतीकरण गर्न लगाउने।

घ) प्रस्तुतीकरण गरेको परियोजनाको व्यवसायीक योजना अनुरुप व्यवसायमा प्रयोग भएको नविनतम सोच र सृजनात्मक प्रतिभाको अवलोकन तथा मूल्याङ्कन गर्ने।

ङ) उपदफा (घ) बमोजिम अवलोकन तथा मूल्याङ्कन गरी पुरस्कार (अनुदान) को लागि अन्तिम छनौट गरी पुरस्कारको लागि गाउँकार्यपालिका समक्ष सिफारिस गर्ने।

च) पुरस्कार पाउने व्यक्ति संस्थाको अन्तिम संख्या तथा पाउने पुरस्कार (नगद तथा गैर नगद) छनौट गर्दा गाउँकार्यपालिकाले उक्त शिर्षकमा विनियोजन रकमलाई हेरी आफै निर्धारण गर्न सक्नेछ।

## परिच्छेद — ४
## कार्यान्वयन प्रकृया

८. कार्यान्वयन प्रकृया: रणनीतिहरुको कार्यान्वयन गर्न देहाय वमोजिमको प्रकृया अवलम्वन गरिनेछ ।

१) सूचना प्रकाशन गर्नेः यस कार्यक्रम कार्यान्वयनको लागि गाउँपालिकाले १५ दिने म्याद दिई अनुसूची १ वमोजिमको ढाँचामा कार्यालयले सार्वजनिक रुपमा सूचना प्रकाशन गर्नुपर्नेछ ।

२) उपदफा १ वमोजिमको सूचना गाउँपालिका तथा वडा कार्यालयको सूचना पाटीमा टाँस गरी गाउँपालिकाको वेभसाइटमा समेत राखी सार्वजनिक गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

३) आवेदन संकलनः यस कार्यक्रममा सहभागी हुन चाहने लक्षित वर्ग, गाउँपालिका कार्यालय तथा अन्य साझेदार संस्थाहरु मार्फत गाउँपालिका भित्र विगतमा संचालन गरेका उद्यमशीलता सम्वन्धी तालिमहरुमा सहभागी प्रशिक्षार्थीहरु, उद्यमशीलतामा आफ्नो करियर वनाउन इच्छुक विधार्थीहरु, वैदेशिक रोजगारवाट फर्किएका युवा हरु, कोभिड १९ वाट प्रभावित वर्ग, समुदाय, सामाजिक उधमशिलता, महिला उद्यमशीलता तथा सहकारी उद्यमशीलता मार्फत व्यवसायीक परियोजना संचालन गर्न इच्छुक व्यवसायिक क्षेत्रका नविन सोच र विचार भएका व्यक्ति तथा संस्थाहरुलाई आफूले संचालन गर्ने तथा गरिरहेको परियोजनाको सामान्य विवरण सहित प्रकाशित सूचनामा तोकिएको अवधिमा तोकिए वमोजिमको ढाँचामा कार्यालयमा दरखास्त दिनु पर्नेछ ।

४) प्रारम्भिक छनौटः तोकिएको समयावधि भित्र तोकिएको माध्यमवाट रीत पूर्वक पेश हुन आएको दरखास्त उपर कार्यविधिका दफा ६ वमोजिम गठित मूल्याङ्कन समितिले प्रारम्भिक छनौटमा परेका व्यक्ति तथा संस्थाहरुलाई विस्तृत व्यवसायिक परियोजना प्रस्तावना तयार पार्ने सम्वन्धमा सचेतनामूलक अभिमूखिकरण कार्यक्रममा

सहभागीताको लागि सार्वजनिक रुपमा जानकारी गराउनु पर्नेछ। प्रारम्भिक छनौट सम्वन्धी मापदण्ड समिति आफैले निर्धारण गर्न सक्नेछ।

५) उपदफा ४ वमोजिम छनौटमा परी-सचेतनामूलक अभिमूखिकरण कार्यक्रममा सहभागी भएका आवेदकहरुलाई समितिले निश्चित समय निर्धारण गरी नविनतम व्यवसायिक परियोजना प्रस्तावनाको आव्हान गर्नेछ र मूल्याङ्कन समितिले आफैले निर्धारण गरेको मापदण्डको आधारमा निश्चित संख्यालाई छनौट गरी छनौट भएका परियोजनाहरुको विस्तृत व्यवसायीक योजना (Detail Business Plan) र दिगोपनाको योजना सहित प्रस्तुतीकरण गर्न लगाउनेछ ।

६) प्रस्तुतीकरण गरेको परियोजनाको व्यवसायीक योजना अनुरुप व्यवसायमा प्रयोग भएको नविनतम सोच र सृजनात्मक प्रतिभाको समितिले अवलोकन तथा मूल्याङ्कन गर्नेछ । यसरी मूल्याङ्कन गर्दा प्रयोग भएको प्रविधि त्यसमा भएको लगानी, सृजना हुनसक्ने रोजगारी र त्यसले उत्पादकत्वमा पारेको प्रभावलाई समेत अध्ययन विश्लेषण गर्नेछ ।

७) गाउँपालिकाले अन्तिम छनौटमा परेका नविनतम व्यवसायिक सोच तथा सृजनात्मक प्रतिभाहरुलाई विभिन्न लगानीकर्ता तथा प्रतिष्ठित उद्योगी व्यवसायीहरु समक्ष पुरस्कार वितरण समारोहको अवसरमा आफ्नो व्यवसायीक परियोजना तथा नविनतम सोचको अवधारणालाई प्रस्तुतिकरण गर्न लगाई लगानीकर्ता तथा उद्योगी व्यवसायीहरुलाई उक्त परियोजनामा लगानी गर्ने वातावरणको सिर्जना गर्ने कार्यगा सहजीकरण गर्नेछ।

## परिच्छेद – ५
## मूल्याङ्कनको आधार तथा अन्तिम छनौट मापदण्ड, पुरस्कार

१. मूल्याङ्कनका आधारहरुः समितिले हरेक छनौटमा मूल्याङ्कन गर्दा देहायका विषयहरुलाई आधार मानेर गर्नुपर्नेछ ।

क) दिगोपना हुने खालको उद्यम,

ख) स्थानीय श्रोत साधनको अधिकतम प्रयोग हुने,

ग) युवा, महिला, दलित तथा पिछडिएको वर्ग समुदाय सम्मिलित भएको व्यवसाय,

घ) वैदेशिक रोजगारवाट फर्की विदेशमा सिकेको सीपको प्रयोग गरी संचालित व्यवसाय,

ङ) स्थानीय सीपको प्रयोग गरी रोजगारी सिर्जना गर्ने व्यवसाय,

च) आधुनिक प्रविधि प्रयोग गरी गरिएको परम्परागत व्यवसाय,

छ) स्थानीय कला, संस्कृतीको संरक्षण र संवर्द्धन गर्ने खालको व्यवसाय,

ज) स्थानीय बजारमा खपत हुन सक्ने वस्तुको उत्पादन गर्ने व्यवसाय,

झ) वातावरण मैत्री व्यवसाय,

ञ) समितिले निर्धारण गरेका अन्य आधारहरु ।

१०. अन्तिम छनौटको मूल्याङ्कन विधि तथा मापदण्डः दफा ६ बमोजिम गठित मूल्याङ्कन समितिले पुरस्कारको लागि प्रस्तावहरुको अन्तिम छनौट गर्दा दफा ११ बमोजिमका सूचकहरुलाई आधार मानी मूल्याङ्कन गर्नुपर्नेछ।

क) कुल पूर्णाङ्क १०० को हुनेछ ।

ख) मूल्याङ्कन समितिका प्रत्येक पदाधिकारीहरुले प्रस्तावलाई दिएको अंकलाई जोड जम्मा गरी सो अंकलाई मूल्याङ्कनमा अंक दिने व्यक्तिहरुको जम्मा संख्याले भाग गरी औषत अंक निर्धारण गर्नुपर्नेछ सोही अंक नै प्रस्तावले प्राप्त गरेको प्राप्ताङ्क हुनेछ ।

ग) मूल्याङ्कन समितिले प्राप्ताङ्कको आधारमा पुरस्कार (अनुदान) को लागि गाउँ कार्यपालिका समक्ष सिफारिस गर्नुपर्नेछ ।

११. मूल्याङ्कनका सूचकहरुः १) मूल्याङ्कन समितिका पदाधिकारीहरुले अन्तिम छनौटका लागि मूल्याङ्कन गर्दा देहायका सूचकहरुमा देहायअनुसारको अंकभारको आधारमा सहभागीहरुलाई छनौट गर्नुपर्नेछ।

| क्र.स. | सूचकहरु | अंकभार | प्राप्ताङ्क |
|---|---|---|---|
| १. | व्यवसायमा नविनतम सोचको प्रयोग | १५ | |
| २. | व्यवसायिक दिगोपनाको संभावना | १० | |
| ३. | व्यवसायिक योजना तथा वजार रणनीति | १५ | |
| ४. | स्थानीय रोजगारीको सिर्जनाको संभावना | १० | |
| ५. | युवा मिहला अल्पसंख्याक दलित तथा १० पिछडिएको वर्ग समुदायद्वारा संचालित व्यवसाय | १० | |
| ६. | स्थानीय श्रोत साधनको प्रयोगको संभावना | १० | |
| ७. | स्थानीय कला संस्कृतिको संरक्षण सम्वर्द्धन तथा स्थानीय सीपको प्रयोग | १० | |
| ८. | वातावरणमैत्री | १० | |
| ९. | परम्परागत व्यवसायमा आधुनिक प्रविधिको प्रयोग | १० | |
| | कुल पूर्णाङ्क | १०० | |

१२. अनुदान प्रदान गर्नेः मूल्याङ्कन समितिको सिफारिसमा गाउँ कार्यपालिकाको निर्णय वमोजिम मितिले छनौटमा परेका व्यक्ति तथा संस्थाहरुलाई देहाय अनुसारको नगद अनुदान (प्रोत्साहन रकम) तथा प्राविधिक सहयोग प्रदान गर्नेछ ।

क) नगद (प्रोत्साहन रकम) पुरस्कारः नगद (प्रोत्साहन रकम) पुरस्कारको राशी र प्राप्त गर्ने संख्याको निर्धारण गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

ख) प्राविधक सहयोगः गाउँपालिका कार्यालयले व्यवसाय दर्ता प्रकृया, निशुल्क आवश्यक तालिम प्रशिक्षण, सहुलियत पूर्ण, विना धितो कर्जा सहयोग, नियमित परामर्श, व्यवसाय दर्ता तथा नवीकरण राजश्व छूट, वजारीकरणमा सहयोग,



गिरी
अध्यक्ष

यन्त्र उपकरणमा सहयोग, औद्योगिक यात्रा भ्रमण, विभिन्न उद्योगी व्यवसायी तथा लगानीकर्ताहरु समक्ष नियमित भेटघाट, छलफलको वातावरण तयार गरिदिने जस्ता विषयमा सहजीकरण गर्न सक्नेछ।

१३. पुरस्कार (प्रोत्साहन रकम) वितरण कार्यक्रमः गाउँपालिकाले अन्तिम छनौटमा परेका नविन सोच तथा व्यवसायीक परियोजनाहरुलाई दफा १२ वमोजिम पुरस्कार (प्रोत्साहन रकम) वितरण गर्दा छुट्टै पुरस्कार (प्रोत्साहन रकम) वितरण कार्यक्रमको आयोजना गर्नेछ । उक्त कार्यक्रममा गाउँक्षेत्रभित्र रहेका उद्योगी व्यवसायी, लगानीकर्ता तथा सफल उद्यमी व्यवसायीहरुलाई आमन्त्रण गरी छनौटमा परेका नविन सोच तथा व्यवसायिक परियोजनाहरुको प्रस्तुतिकरण गर्न लगाई उद्योगी व्यवसायिक, लगानीकर्ताहरुलाई ती परियोजना तथा सोचहरुमा लगानी गर्ने वातावरणको सृजना गर्ने कार्यमा सहयोग गर्नुपर्नेछ ।

१४. सम्झौता गर्नुपर्नेः नगद पुरस्कार (प्रोत्साहन रकम) प्राप्त गर्ने उद्यमी व्यक्ति/संस्थासँग गाउँपालिकाले प्रस्तावनामा पेश गरे अनुरुपको व्यवसाय संचालन गर्ने तथा व्यवसाय गरिरहेको भए थप स्तरीकरण गर्ने सम्झौता गर्नुपर्नेछ ।

१५. अनुगमन तथा प्रतिवेदनः सम्झौता अनुरुप कार्य गरे नगरेको सम्वन्धमा गाउँपालिकाको उद्योग व्यवसायसँग सम्वन्धित शाखाले नियमित रुपमा स्थलगत अनुगमन गरी सोको प्रतिवेदन गाउँ कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ । साथै पुरस्कार प्राप्त गर्ने उद्यमी व्यवसायिले मासिक रुपमा व्यवसायको प्रगति प्रतिवेदन गाउँपालिकाको सम्वन्धित शाखामा पेश गर्नुपर्नेछ ।

१६. वाधा अड्काउ फुकाउनेः यस कार्यविधिको कार्यान्वयनमा कुनै समस्या आईपरेमा वाधा अड्काउ फुकाउने अधिकार गाउँकार्यपालिकालाई हुनेछ ।

१७. संशोधन सम्वन्धी व्यवस्थाः यस कार्यविधिको कुनै प्रावधान संशोधन गर्नुपरेमा गाउँकार्यपालिकाले गर्नेछ ।

१८. व्यवस्था गर्न सक्नेः गाउँपालिकाभित्र उद्यमशीलता तथा नव प्रवर्तनको दिगोपनाको लागि गाउँपालिकाले आवश्यक व्यवस्था गर्न सक्नेछ ।

१९. वचाउः यस भन्दा अघि भए गरेका यस कार्यविधिसँग सम्वन्धित कार्यहरु यसै कार्यविधि वमोजिम भए गरेको मानिनेछ ।

घनश्याम गिरी
अध्यक्ष

अनुसूची १

(दफा ८ को उपदफा १ सँग सम्वन्धित)

## सूचना प्रकाशन ढाँचा

(प्रथम पटक प्रकाशिन मितिः २०८./../..)

यस गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रम अनुसार नवप्रवर्तन कोष अवार्ड वितरण कार्यक्रम कार्यान्वनयको लागि यस कार्यक्रममा सहभागी हुन इच्छुक उद्यमशीलता सम्वन्धी तालिमहरुमा सहभागी प्रशिक्षार्थीहरु, उद्यमशीलतामा आफ्नो करियर वनाउन इच्छुक विधार्थीहरु, वैदेशिक रोजगारवाट फर्किएका युवाहरु, कोभिड-१९ बाट प्रभावित वर्ग, समुदाय, सामाजिक उद्यमशीलता, महिला उद्यमशीलता तथा सहकारी उद्यमशीलता मार्फत व्यवसायिक परियोजना संचालन गर्न इच्छुक व्यवसायिक क्षेत्रका नविन सोच र विचार भएका व्यक्ति तथा संस्थाहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र गाउँपालिकामा आफ्नो नविन सोच तथा व्यवसायको संक्षिप्त प्रस्तावना सहित निवेदन दिनुहुन यसै सूचना मार्फत जानकारी गराइन्छ । साथै तोकिएको समयावधी नाघी प्राप्त भएका तथा रित नपूगेका निवेदनहरु यस कार्यक्रममा संलग्न गर्न नसकिने व्यहोरा समेत जानकारी गराईन्छ ।

नोटः संक्षिप्त प्रस्तावनाको ढाँचा गाउँपालिकाको कार्यालयको वेभसाइट www.binayitribenimun.gov.np मा प्राप्त गर्न सकिनेछ ।

घनश्याम गिरी
अध्यक्ष

अनुसूची – २

(दफा ७ को (ग) सँग सम्वन्धित)

संक्षिप्त प्रस्तावनाको नमूना

१. आवेदक व्यक्ति/संस्थाको नामः

२. ठेगानाः.

३. व्यवसायिक परियोजनाको संक्षिप्त परिचयः

क) परियोजनाको नामः.

ख) परियोजनाको ठेगानाः...

ग) परियोजनाको अनुमानित लागतः..

घ) परियोजनामा प्रयोग हुने/भएको नविनतम सोचः

४. संभावित रोजगारी सिर्जना संख्याः

५. परियोजनामा सहभागी संख्याः

६. परियोजना संचालकको मूख्य व्यक्तिको नाम, थर ठेगानाः

७. सम्पर्क नं..

मिति २०८१/०६/२४ गते वसेको गाउँ कार्यपालिकाको बैठकवाट स्वीकृत भएको यो कार्यविधि प्रमाणीकरण गर्दछु।

..................................
घनश्याम गिरी
अध्यक्ष
मिति २०८२/०६/२४

घनश्याम गिरी
अध्यक्ष